# प्रतिवेदन निर्माण र सम्प्रेषण कार्यक्रम

## प्रतिवेदन

**प्राप्त गर्ने**
**भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**सिंहदरबार, काठमाडौं**

**पेश गर्ने**
**नेपालमा समृद्धि अभियान**
**का.म.पा.-२९**
**अनामनगर, काठमाडौं**

प.सं.: २०८३/०८४ मितिः २०८३/०५/०१
च.नं.: २३

श्रीमान् सचिव ज्यू
भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

**विषयः प्रतिवेदन पेश सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा प्रधानता मिडियाको सार्वजनिक मञ्च नेपालमा समृद्धि अभियानले महत्वपूर्ण विषय **'नेपालमा सुशासनको वर्तमान अवस्थाः चुनौती र सम्भावना'** मा दुई महिने (असार-श्रावण) कार्यक्रम समूह अन्तर्गत क्रमशः विशिष्ट व्यक्तिसँग भेटघाट, भिडियो रेकर्डिङ र प्रसारण, लेख, अन्तर्वार्ता र सिर्जना प्रकाशन, संस्थागत विशेष सहकार्य र 'मैले भन्नु छ !' सार्वजनिक बहसका दर्जनौं कार्यक्रमहरुमा सयौंले व्यक्त विचारहरु समेटिएको प्रतिवेदन सरकार (मन्त्रालय) को पृष्ठपोषणको लागि पेश गर्दछौं ।

...............................
परिवर्तन भट्टराई 'कृति'
संयोजक
नेपालमा समृद्धि अभियान

# प्रतिवेदन निर्माण र सम्प्रेषण कार्यक्रम

# प्रतिवेदन

प्रधानता मिडियाको सार्वजनिक मञ्च (पब्लिक प्लेटफर्म) नेपालमा समृद्धि अभियानले 'नेपालमा सुशासनको वर्तमान अवस्थाः चुनौती र सम्भावना' विषयमा दुई महिने (असार-श्रावण) कार्यक्रम समूह सञ्चालन गरेको छ । उक्त कार्यक्रम समूहमा विभिन्न ६ वटा कार्यक्रमहरु क्रमशः (१) विशिष्ट व्यक्तिसँग भेटघाट, (२) भिडियो रेकर्डिङ र प्रसारण, (३) लेख, अन्तर्वार्ता र सिर्जना प्रकाशन, (४) संस्थागत विशेष सहकार्य, (५) 'मैले भन्नु छ !' सार्वजनिक बहस र (६) प्रतिवेदन निर्माण र सम्प्रेषण रहेका छन् । असारको पहिलो हप्ताबाट दर्जनौंको संख्यामा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएका छन् । श्रावण २३ गते नेपाल प्रज्ञा-प्रतिष्ठान कमलादी काठमाडौंमा सार्वजनिक बहस कार्यक्रम भव्य रुपमा सम्पन्न भयो ।

नेपालमा समृद्धि अभियान देशको विकास र समृद्धिको बहस र छलफल गर्ने उद्देश्यले निर्माण गरिएको प्रधानता मिडियाको सार्वजनिक मञ्च (पब्लिक प्लेटफर्म) हो । नेपालमा समृद्धि अभियानले नेपालको समृद्धिको लागि चार आयामिक मार्गचित्र प्रस्तुत गरेको छ । पहिलो आर्थिक आयाम । यस अन्तर्गत देशको आर्थिक विकास कसरी गर्ने सम्बन्धमा कुरा गरिन्छ । दोश्रो सामाजिक आयाम । यस अन्तर्गत नेपाली समाजको स्तरोन्नतीको कुरा गरिन्छ । तेश्रो ज्ञान-विज्ञान आयाम । यस अन्तर्गत नेपाली समाजको चिन्तन प्रणालीलाई आधुनिक र वैज्ञानिक बनाउने कुरा गरिन्छ । चौथो लोकतन्त्र आयाम । यस अन्तर्गत राज्य र राजनीतिको स्तरोन्तीको कुरा गरिन्छ ।

असार-श्रावण दुई महिनभर लोकतन्त्र आयाम अन्तर्गतको विषय 'नेपालमा सुशासनको वर्तमान अवस्थाः चुनौती र सम्भावना' मा विभिन्न गतिविधिहरु सञ्चालन गरियो । तिनीहरु क्रमशः यस प्रकार रहेका छन् ।

## १. विशिष्ट व्यक्तिसँग भेटघाट कार्यक्रम

विशिष्ट व्यक्तिसँग भेटघाट नेपालमा समृद्धि अभियानको एक महत्वपूर्ण कार्यक्रम हो । यस कार्यक्रममा विशिष्ट व्यक्तिसँग निश्चित विषयमा गहन छलफल र बहस गरिन्छ । नेपालको सुशासनको वर्तमान अवस्थाः चुनौती र सम्भावना विषयमा पूर्व संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री लालबाबु पण्डित र वरिष्ठ अधिवक्ताद्वय टिकाराम भट्टराई र एकराज भण्डारीसँग विशिष्ट व्यक्तिसँग भेटघाट कार्यक्रम सम्पन्न गरियो ।

## २. भिडियो रेकर्डिङ र प्रसारण कार्यक्रम

भिडियो रेकर्डिङ र प्रसारण नेपालमा समृद्धि अभियानको अर्को महत्वपूर्ण कार्यक्रम हो । यस कार्यक्रममा सचेत व्यक्तिहरुको आवाज संकलन गरेर प्रसारण गरिन्छ । नेपालको सुशासनको सम्बन्धमा विभिन्न व्यक्तिहरुसँग यो कार्यक्रम सञ्चालन गरियो । अशोक कुमार ठकुरी, दिपक दोर्जे लामा, कान्छा तामाङ ब्लोन विकास, महेन्द्र शाही, डिल्ली चेम्जोङ, बाबुराम कोइराला, राजु नेपाल, अमृत पुरी, रमेश खड्का, परिवर्तन भट्टराई, सोनामसिं स्याङ्तान, तारा भण्डारीसँग उक्त कार्यक्रम सम्पन्न गरियो ।

## ३. लेख, अन्तवार्ता र सिर्जना प्रकाशन कार्यक्रम

लेख, अन्तर्वार्ता र सिर्जना प्रकाशन नेपालमा समृद्धि अभियानको अर्को महत्वपूर्ण कार्यक्रम हो । यस अन्तर्गत विभिन्न व्यक्तिहरुको लेख, अन्तवार्ता र सिर्जना प्रकाशन गरिन्छ । यसलाई प्रधानता मिडियाको अनलाइन पत्रिका www.pradhanata.com मा प्रकाशन गरिन्छ । नेपाली कांग्रेसका नेता चन्द्र भण्डारी र लेखकद्वय उद्धव सिलवाल र श्रीराम खाइजुको सुशासनको सन्दर्भ जोडिएका लेख प्रकाशन गरिएको छ ।

## ४. संस्थागत विशेष सहकार्य कार्यक्रम

संस्थागत विशेष सहकार्य कार्यक्रम नेपालमा समृद्धि अभियानको अर्को महत्वपूर्ण कार्यक्रम हो । यस कार्यक्रम अन्तर्गत विभिन्न संस्था/कार्यालयहरुसँग संयुक्त रुपमा कार्यक्रम

सञ्चालन गरिन्छ । मदन भण्डारी मेमोरियल कलेज नयाँ बानेश्वर काठमाडौंमा पत्रकारिता र आम सञ्चार अध्ययनरत प्लस टु र स्नातक तहका विद्यार्थीहरुसँग मिडिया र सुशासनको विषयमा संस्थागत विशेष सहकार्य कार्यक्रम सम्पन्न गरियो । सयौंको संख्यामा विद्यार्थीहरुको उपस्थिति रहेको थियो भने सहायक क्याम्पस प्रमुख लगायतका प्राध्यापकहरुको सहभागिता रहेको थियो ।

## ५. 'मैले भन्नु छ !' सार्वजनिक बहस

नेपालमा समृद्धि अभियानको सबैभन्दा चर्चित कार्यक्रम 'मैले भन्नु छ !' सार्वजनिक बहस कार्यक्रम हो । उक्त कार्यक्रम नेपाल प्रज्ञा-प्रतिष्ठान कमलादी काठमाडौंमा दर्जनौ अतिथि वक्ता, सयौं सहभागी र दर्जनौं मिडियाको उपस्थितिमा भव्य रुपमा सम्पन्न भयो । उक्त कार्यक्रमका अतिथि वक्ता र सहभागी वक्ताहरु यस प्रकार रहेका छन् ।

**कार्यक्रमका वक्ताहरु**

| क्र.सं. | नाम | हैसियत |
|---|---|---|
| १. | लालबाबु पण्डित | पूर्व मन्त्री तथा नेकपा एमालेका नेता |
| २. | लिलामणि पोखरले | नेता, नेपाली कम्युनिष्ट पार्टी |
| ३. | कल्पना धमला | पूर्व मन्त्री |
| ४. | जगदिश्वर नरसिंह केसी | नेता, नेपाली कांग्रेस |
| ५. | टिकाराम भट्टराई | वरिष्ठ अधिवक्ता |
| ६. | रमेश राई | उप-महासचिव, समाजवादी पार्टी |
| ७. | शम्भूप्रसाद भट्टराई | सुशासन समिति संयोजक, बूढानीलकण्ठ नगरपालिका |
| ८. | सुरज सिलवाल | सचिव, नेपाल शैक्षिक परामर्श संघ (इक्यान) |
| ९. | आर्शी रेग्मी | कानुन विषयको विद्यार्थी |
| १०. | प्रविण न्यौपाने | समाजसेवी |
| ११. | रोहित पाण्डे | समाजसेवी |
| १२. | विरेन्द्र कुमार साह | नागरिक अभियान्ता |
| १३. | आन्शु घिमिरे | विद्यार्थी |
| १४. | रमेश खड्का | राजनीतिकर्मी, समाजसेवी, संगितकर्मी |
| १५. | किशोर राई | समाजसेवी |
| १६. | दिनेश चौलागाईं | समाजसेवी |
| १७. | डा. होमप्रसाद भट्टराई | समाजसेवी |
| १८. | ललिता श्रेष्ठ | सामाजिक अभियान्ता, राजनीतिकर्मी |

| | | |
|---|---|---|
| १९. | रित बहादुर श्रेष्ठ | राजनीतिकर्मी, समाजसेवी |
| २०. | प्रकाश पुरी | सामाजिक अभियान्ता |
| २१. | अमृत पुरी | राजनीतिकर्मी, समाजसेवी |
| २२. | पर्शुराम अधिकारी | समाससेवी |
| २३. | बिमला पुरी | सामाजिक अभियान्ता |
| २४. | महेन्द्र शाही | राजनीतिकर्मी, समाजसेवी |
| २५. | चेत बहादुर माझी | समाजसेवी |
| २६. | विष्णु प्रसाद भट्टराई | समाजसेवी |
| २७. | दिपक दोर्जे लामा | राजनीतिकर्मी, सामाजिक अभियान्ता |
| २८. | समिर नाछिरिङ | सामाजिक अभियान्ता |
| २९. | दिपक घिमिरे | सामाजिक अभियान्ता |
| ३०. | आनन्द गुरुङ | सामाजिक अभियान्ता |
| ३१. | तिर्थ पन्त | सामाजिक अभियान्ता |
| ३२. | परिवर्तन भट्टराई | संयोजक, नेपालमा समृद्धि अभियान |
| | | |

'नेपालमा सुशासनको वर्तमान अवस्थाः चुनौती र सम्भावना' विषयमा दुई महिने (असार-श्रावण) कार्यक्रम समूह अन्तर्गत दर्जनौंको संख्यामा सञ्चालन गरिएका विभिन्न पाँच (५) कार्यक्रममा सयौं व्यक्तिहरुद्वारा व्यक्त विचार, टिप्पणी, सन्देश र सुझावहरु ।

- जनताको काम गर्दा राज्यका संयन्त्रहरुले कानुनी शासन र जवाफदेहितालाई विशेष महत्व दिनुपर्छ ।
- सुशासनको लागि नागरिकमा जागरण पैदा गरियोस् ।
- नागरिकहरुलाई गुणस्तरीय, सरल र शिघ्र सार्वजनिक सेवा प्रवाह हुनुपर्छ, होस् ।
- संविधानले निर्देशित गरे बमोजिम जनतालाई सेवा प्रवाह गरिनुपर्छ ।
- केन्द्रिकृत र एकीकृत होइन लोकतान्त्रिक र संघात्मक अभ्यास हुनुपर्छ ।
- सत्ता सञ्चालकहरुले संविधानको मर्म, भावना र जनचाहना अनुसार काम गर्नुपर्छ ।
- राजनीतिक नेतृत्वले सत्तादेखि सत्तासम्मको यात्रा गर्नु हुँदैन ।
- राज्यका संयन्त्रहरुमा राजनीतिकरण नगरियोस् ।
- शासन-प्रशासनमा राजनीतिक भागवण्डा नगरियोस् ।
- शासन सञ्चालनमा सत्ताको दुरुपयोग नगरियोस् ।
- घुसखोरी, कमिशनतन्त्र, नातावाद, कृपावाद नगरियोस् ।
- वैदेशिक सम्बन्धमा अहंकार, दम्भ र अदुरदर्शिताको अन्त्य गरियोस् ।

- कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको नियन्त्रण सन्तुलन कायम होस् ।
- संवैधानिक निकायहरुमा पार्टीका कार्यकर्ताहरुको भर्ती गर्नु हुँदैन ।
- राज्य सञ्चालनमा आयोग्य र असक्षमहरुलाई जिम्मेवारी दिनुहुँदैन ।
- नीतिगत भ्रष्टाचार पूर्ण रुपमा नियन्त्रण गरियोस् ।
- श्रमजीवी वर्गको उत्थान गर्नमा जोड दिइयोस् ।
- लोकतन्त्र, गणतन्त्र, संघीयता र सुशासनलाई पूर्ण रुपमा आत्मसात् गरियोस् ।
- राज्यका संयन्त्रहरुलाई बलियो बनाइयोस् ।
- पार्टी, गुट र व्यक्तिगत स्वार्थको लागि राज्यका संयन्त्रहरुको दुरुपयोग नगरियोस् ।
- नेपालका मुख्य समस्याहरुको पहिचान गरी प्राथमिकीकरण गरेर काम गरियोस् ।
- जनता असन्तुष्ट किन हुन्छन् ? पहिचान गरेर काम गरियोस् ।
- शान्ति सुरक्षालाई विशेष प्राथमिकता दिइयोस् ।
- जनताको विरोधलाई सुझाव र सचेतनाको रुपमा लिएर काम गरियोस् ।
- जेनजी आन्दोलनको मर्म र भावना अनुसार काम गरियोस् ।
- जनताको जनमत/जनादेशलाई आत्मसात् गरी विकासको काम गरियोस् ।
- गैर संवैधानिक र गैर राजनीतिक अभ्यासको अन्त्य गरियोस् ।
- सार्वजनिक प्रशासनलाई चुस्तदुरुस्त, गतिशील, जनमुखी, दक्ष, निष्पक्ष बनाइयोस् ।
- जनतालाई असल शासन दिन कुनैपनि प्रकारको राजनीतिक हस्तक्षेप नगरियोस् ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय सतर्कता केन्द्रलाई झनै साधनश्रोत सम्पन्न र सक्षम बनाइयोस् ।
- संवैधानिक निकायहरुको लागि लोकसेवा आयोग मार्फत् संवैधानिक कर्मचारीहरु नियुक्ति गरियोस् ।
- मन्त्रीपरिषदको निर्णय, अदालत र सेना समेतलाई निष्पक्ष जाँचबुझ गरी कारबाही गर्नसक्ने संसद अन्तर्गत शक्तिशाली लोकपालको व्यवस्था गरिनुपर्छ ।
- विधि, विधान र नियमसंगत ढंगले सरकारले काम गरोस् ।
- प्रधानमन्त्री, मन्त्री, मुख्य सचिव र सचिवहरुले राज्य सञ्चालनको मोडेल बन्नुपर्छ ।
- जनताको विरोध/आवाजलाई दमन होइन तथ्य र कारण सहित बुझाएर सहमतिमा ल्याएर काम गर्नुपर्छ ।
- जनताको सन्तुष्टीलाई प्रगति/समृद्धिको मानक बनाइयोस् ।
- कानुनी शासन अर्थात् विधिको शासनमा जोड दिइयोस् ।
- सत्ता र शक्तिको दम्भले कानुनी शासनलाई प्रभावित नगरोस् ।
- परिस्थिति अनुसार धारणा बनाउने होइन कि यथार्थमा टेकेर काम गरियोस् ।
- करको दर बढाएर होइन आम्दानीको श्रोत बढाएर राजश्व वृद्धि गरियोस् ।
- कानुनी शासन र संवैधानिक सर्वोच्चतालाई जोड दिइयोस् ।
- कानुनको आधारमा मात्रै निर्णय गरियोस् ।
- कुनैपनि प्रकारका भ्रष्टाचारमा शुन्य शहनशीलता कायम गरियोस् ।

- सार्वजनिक सेवा सरल र डिजिटल हुनुपर्छ ।
- निर्वाचनको बेला जनतासँग गरिएका प्रतिवद्धता पूरा गर्नुपर्छ ।
- पूर्ण प्रेस स्वतन्त्रता सहित मिडियालाई व्यवसायिक बनाउनुपर्छ ।
- समय र कामको प्राथमिकताको आधारमा काम गरियोस् ।
- सार्वजनिक सेवा जनताको घरदैलमा पुऱ्याउन चिन्ता र चिन्तन गर्नुपर्छ ।
- सार्वजनिक खर्चमा पूर्ण रुपमा पारदर्शिता होस् ।
- वैदेशिक ऋणको प्रयोग विकास निर्माण र रोजगारी सिर्जनामा होस् ।
- दलभित्र पनि सुशासन हुनुपर्छ ।
- योग्य र इमान्दारलाई नेतृत्व र अवसर दिनुपर्छ ।
- विगतका सरकारले गरेका गल्ती नदोहोरियोस् ।
- लोकप्रियता होइन इमान्दार प्रयासलाई महत्व दिइयोस् ।
- जनतालाई नीति निर्माण र विकास निर्माणको काममा सहभागी गराइयोस् ।
- परिणाममा आधारित कार्य गरियोस् ।
- म भन्दा हामीलाई प्राथमिकता दिएर काम गरियोस् ।
- धार्मिक र साम्प्रदायिकता भड्कउनेविरुद्ध राज्य होसियार बनोस् ।
- बदला होइन सहकार्य मार्फत् राज्य सञ्चालन गरियोस् ।
- सार्वजनिक सम्पत्तिको क्षति गर्नेहरुलाई कडा कारबाही गर्नुपर्छ ।
- संविधान, कानुन, विधि र प्रक्रियालाई आत्मसात् गरियोस् ।
- पेशा व्यवसायीहरुको समस्या र आवाजलाई सुनियोस् ।
- सासदहरुले जनताको सार्वभौमसत्ताको उच्चतम अभ्यास गर्नसक्नुपर्छ ।
- अध्यादेशबाट शासन गर्ने अभ्यासलाई निरुत्साहित गर्नुपर्छ ।
- न्यायपालिकाले शिघ्र न्याय दिनसक्नु पर्छ ।
- लोकतान्त्रिक अभ्यासको लागि राज्यका सबै संयन्त्र सचेत हुनुपर्छ ।
- प्रतिनिधिसभा र त्यसका समितिहरुले प्रभावकारी ढङ्गले काम गर्न सक्नुपर्छ ।
- सर्वाजनिक संस्थाहरु स्वचालित ढङ्गले सञ्चालन हुनुपर्छ ।
- राज्य सञ्चालनमा व्यक्तिवाद हावी हुन नदियोस् ।
- नीति, विचार, दृष्टिकोण र कार्यक्रमहरु नयाँ र पुराना हुन्छन् भन्ने कुरालाई आत्मसात् गरियोस् ।
- कानुनी शासन र लोकतन्त्रलाई जीवनपद्धति बनाउन सक्नुपर्छ ।
- आफू केन्द्रित राजनीतिको अन्त्य गरियोस ।
- राजनीतिक दलहरुले लोकतन्त्रका उच्चतम अभ्यास गर्न सकेका छैनन् ।
- प्रश्न गर्ने बानीको विकास गरियोस् ।
- नेपालले प्राप्त गरेका उपलब्धीहरुलाई संस्थागत गर्ने कुरालाई जोड दिइयोस् ।
- नैतिकता र इमान्दारितालाई जीवन पद्धतिको रुपमा विकस गरियोस् ।

- राजनीतिक दलहरुभित्र लोकतन्त्रको उच्चतम अभ्यास हुनसकेको देखिँदैन ।
- सुशासन भाषणको विषय होइन यो त जीवन पद्धति हुनुपर्छ ।
- विचार, विधि र विवेक प्रयोग गरेर राज्य सञ्चालन गरियोस् ।
- शिक्षा, स्वास्थ्य, रोजगारी र खाद्य सम्प्रभुतालाई प्राथमिकतमा राखियोस् ।
- राज्यको सम्पत्तिको प्रयोगमा भएको दुरुपयोग रोकियोस् ।
- राजनीतिक नियुक्तिमा आफ्ना होइन राम्रालाई चयन गरियोस् ।
- भ्रष्टाचार भएपछि होइन कि हुनै नदिन प्रभावकारी संयन्त्र परिचालित गरियोस् ।
- सत्तामा बसेकाहरुले आवधिक रुपमा सम्पत्ति सार्वजनिक गरियोस् ।
- सम्पत्ति छानबिनलाई आफैंबाट शुरु गरेर तिब्रता दिइयोस् ।
- पदको दुरुपयोग गर्नेलाई कडा कारबाही गरियोस् ।
- निशेधको आधारमा राजनीति नगरियोस् ।
- सार्वजनिक खर्च कटौती गर्न आर्थिक हैसियत भएकाले सुविधा नलिइयोस् ।
- राष्ट्रियता र वैदेशिक सम्बन्धको बारेमा साझा धारणा बनाउनुपर्छ ।
- विकास निर्माणको काम गर्दा सामाजिक सुरक्षालाई ध्यान दिइओस् ।

\- धन्यवाद -